## सिन्धुपाल्चोक जिल्लामा मिति २०७४।११।१८ गते हुरी - बतासको कारण ५ लाख ७७ हजार बराबरको क्षति

सिन्धुपाल्चोक जिल्ला मिति २०७४।११।१८ गते साझँ अन्दाजी १९:०० बजेको समयमा अचानक आएको हावाहुरीका कारण सिन्धुपाल्चोक जि.प्र.का तथा मातहत समेतको वडा एरियाहरुमा भएको सरकारी कार्यालय तथा व्यक्तिगत क्षतिको विवरण निम्नअनुसार रहेको जिल्ला आपतकालिन कार्य सञ्चालन कार्यालयलाई प्राप्त भएको छ।

१. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा– ५ स्थित चौतारामा रहेको जिल्ला प्रहरी कार्यालयको कार्यालय भवनको ६ वटा झ्यालको सीसा फुटेको, सुचना बोर्ड उडाई क्षति हुँदा अ.रु. १०,०००।– (दश हजार बराबरको क्षति भएको।
२. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ५ स्थित चौतारामा रहेको जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको १ तल्ले प्रि फ्याव मिटिङ कक्ष भवनको जस्ताको पश्चिम साईडको छानोको एक पट्टिको आधा भाग उडाई क्षति भई अन्दाजी ३,००,००० ( तीन लाख बराबरको क्षति भएको।
३. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ५ स्थित चौतारामा रहेको जिल्ला प्रहरी कार्यालय मातहत प्रहरी चौकी सानोसिरुबारी सि.पा को कार्यालयको बोर्ड, मेश भवनको छानोको जस्ता, पुन: निर्माण भवनको बोर्ड उडाई क्षति हुँदा अ.रू ३०,०००।– बराबरको क्षति भएको।
४. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ५ स्थित चौतारामा रहेको जिल्ला मालपोत कार्यालय सि.पाको कार्यालय भवनको १ वटा ढोकाको सोसा फुटि अ. ७,०००।– (सात हजार ) बराबरको क्षति भएको।
५. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ५ स्थित चौतारामा रहेको जिल्ला नापी कार्यालय सि.पा को कार्यालय भवन माथी रहेको ट्रस भवनको २ वटा जस्ताको पाता उडाएकोमा अ.रू ५,०००।– (पाँच हजार) बराबरको क्षति भएको।
६. जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ५ छेकाथोक बस्ने शेर बहादुर गुरुङको भान्सा कोठाको जस्ताको छानो कुखुरा फार्मको दक्षिण पट्टीको छानो र गोठको छानो समेत उडाएकोमा अ. रू १,५०,०००।– (एक लाख पचास हजार) बराबरको क्षति भएको।
७. जि.सि.पा बलेफी गा.पा वडा नं. २ फुलपिङकोट बस्ने बर्ष ४० को जय बहादुर भुजेललाई अचानक आएको हावाहुरीको कारण घर नजिकै रहेको बरको रुख भाँचीई निजको जस्ताले छाएको कच्ची घर माथि खस्दा निजको ढाँड भाँचीएकोले धुलिखेलमा लगी उपचार भईरहेको र ऐ.ऐ बस्ने वर्ष ८५ को डम्बर बहादुर भुजेल र वर्ष १८ कि बिमला भुजेल सामन्य घाईते भएकोमा हपचार पश्चात डिस्चार्ज भई घर फर्कीसकेको र नीजको कच्ची घर भत्कि अ.रु. ७५,०००।– (पचहत्तर हजार) बराबरको क्षति भएको।

स्रोत : जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा साँगाचोकगढी नं.पा, सिन्धुपाल्चोक